आज मिति २०७९ साल फागुन १८ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइराला ज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा आ.व. २०७९/८० को बाह्रौं बैठक सम्पन्न गरियो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | दिवाकर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | तिलक कुमार पण्डित | प्र.शा.प्र. | |
| २ | प्रविन पाण्डेल | यो.शा.प्र. | |
| ३ | सुजन मिश्र | वि.पु.अ. | |

सुन्दरबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुन्दरबजार लम्जुङ
गण्डकी प्रदेश, नेपाल

## नगर-कार्यपालिकाको मिति २०७९/११/१८ गते बसेको आ.व २०७९/८० को बाह्रौं बैठकका निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०७९/१०/२९ गते बसेको आ.व २०७९/८० को एघारौं बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा १५ वटा निर्णयहरु भएकोमा सबै निर्णयहरु कार्यान्वयनमा रहेको पाईयो ।

**निर्णय नं. २**

मिति २०७९ माघ २० गते यस नगरपालिका र नेपाल स्वास्थ्य अनुसन्धान परिषद, रामशाहपथ काठमाण्डौ बिच नेपालको संविधान, २०७२ ले परिकल्पना गरे अनुसार नेपाल सरकार, राष्ट्रिय स्वास्थ्य नीति, २०७६ र नेपाल स्वास्थ्य अनुसन्धान रणनीति, २०७६ अनुरुप स्वास्थ्य क्षेत्रमा देखा परेका विभिन्न समस्यांहरुलाई वैज्ञानिक रुपमा अध्ययन तथा अनुसन्धान गरी नागरिकको स्वास्थ्य सुविधा प्रवर्द्धन गर्न गरिएको समझदारी पत्रको बुँदा नं ९ मा दुवै पक्षले वार्षिक कार्यनीति अनुसारको आवश्यक वजेट विवरण तयार गरी संघीय तथा प्रदेश सरकारसँग बजेट व्यवस्थापन गर्न आवश्यक पहल गर्ने र आवश्यकता अनुसार परियोजना सम्झौता गर्ने साथै यस आ.व.मा अध्ययन अनुसन्धानको लागि पहिचान भएको परियोजनाको लागि नगरपालिकाको तर्फबाट रु १० लाख र परिषदको तर्फबाट आवश्यक प्राविधिक जनशक्ति उपलब्ध गराउने सम्झौता अनुरुप उक्त परिषदलाई गैर सरकारी संस्था तथा अन्य संघ संस्था सँग साझेदारी शीर्षकबाट रु १०,००,०००। रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

जिभाय नेपालको मुख स्वास्थ्य परियोजनाका अन्तर्गत यस नगरपालिका वडा नं ३ र वडा नं ११ मा रहेका सम्पूर्ण विद्यालयहरुमा मुख स्वास्थ्य कार्यक्रम, विद्यालय मुस्कान कार्यक्रम र जंकफुड मुक्त क्षेत्र कार्यक्रम र समुदाय क्रियाकलापहरु संचालनको लागि मिति २०८० असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०।११।१८

**निर्णय नं. ४**

प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन-२०७७ को अध्याय ४ को दफा ४.१ अनुसार स्थानीय तहका विकास नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयनको प्रगति समीक्षा, समस्याको समाधान लगायत नीतिगत विषयमा काम गर्नका लागि अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रका रूपमा एक स्थानीय तह स्तरीय विकास समस्या समाधान समिति रहने व्यवस्था भए बमोजिम तपशिल अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| (क) प्रमुख | अध्यक्ष |
| (ख) उपप्रमुख | सदस्य |
| (ग) वडाअध्यक्षहरु | सदस्य |
| (घ) कार्यपालिकाका सदस्यहरु | सदस्य |
| (ङ) खेम गुरुङ,विष्णु कुमार श्रेष्ठ | सदस्य |
| (च) प्रेम भट्टराई | सदस्य |
| (छ) बुद्धी नाथ अधिकारी सदस्य | |
| (ज) बसन्ती दुरा, राजु परियार | सदस्य |
| (झ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं. ५**

जिल्ला खेलकुद विकास समिति, लमजुङको मिति २०७९/११/१४ गतेको निवेदन अनुसार सो समितिबाट मिति २०७९/१०/२९ गते देखि २०७९/११/०२ गते सम्म आयोजना गरिएको १४ औं जिल्ला स्तरीय अन्तरपालिका राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा लागेको खर्च बापत रु १,००,०००। (अक्षरेपी एक लाख मात्र) विविध खेलकुद कार्यक्रम शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

सुन्दरबजार नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ नियम १७ मा व्यवस्था भए बमोजिम कार्यपालिकाले सम्पादन गरेका कार्य तथा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउनको लागि कार्यपालिका सदस्य श्री नविन कुमार श्रेष्ठलाई प्रवक्ता तोक्ने निर्णय गरियो ।

## निर्णय नं ७

"लैङ्गिक समानताको बलियो आधारः सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार" भन्ने राष्ट्रिय नाराका साथ ११३ औं अन्तराष्ट्रिय महिला दिवस ८ मार्च २०२३ तदनुसार २०७९/११/२४ गते मनाउने सम्बन्धमा सम्पुर्ण वडाहरुले नारी दिवस मनाउनको लागि कार्यक्रम आयोजना गर्ने र सो का लागि प्रत्येक वडामा रु १०,०००। का दरले जम्मा रु १,१०,०००।(अक्षरेपी एक लाख दश हजार) विविध चालु शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं ८

मिति २०७९/०९/१३ गते बसेको आ.व २०७९/८० को नवौं बैठकको निर्णय नं २७ मा अविरल वर्षा तथा बाढीको कारण नगरपालिका भित्र पुगेको क्षतीको नगर स्तरीय विपद व्यवस्थापन समितिको स्थलगत अनुगमनबाट छनौट गरिएका लाभग्राहीलाई लागत इस्टमेट अनुसार लागत साझेदारीमा कार्यसम्पन्न गर्ने निर्णय गरिएकोमा कार्यसम्पन्न गर्न कठीनाई परेको सन्दर्भमा वैठकमा छलफल गरियो । सो सम्बन्धमा नगरपालिकाले व्यहोर्ने रकमको कम्तीमा २० प्रतिशत रकम निजी घरका लाभग्राहीले व्यहोर्ने गरी र सरकारी संघ, संस्था, विद्यालयहरुले नगरपालिकाले व्यहोर्ने रकमबाट कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

२०७९।११।१८

निर्णय प्रमाणित

२०७९।११।१८

दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत